# प्रेस विज्ञप्ती

२०७४ सालको स्थानीय तह निर्वाचनपछि नेपाल सरकारले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका व्यक्तिहरुको मर्यादाक्रम हेरफेर गरेको थियो। हाल अन्तर प्रदेश परिषद्को वैठकमा आएका जनप्रतिनिधिहरुको गुनासो सम्वोधन गर्न पुनः मर्यादाक्रममा परिमार्जन भएको समाचार प्रकाशित भएका छन् । परिमार्जित मर्यादाक्रमका सम्बन्धमा लोक सेवा आयोगको मिति २०७५/१०/३ को वैठकवाट देहाय अनुसार निर्णय भएको छ।

"नेपाल सरकारले हालै जारी गरेको राष्ट्रिय जीबनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरुको नयाँ मर्यादाक्रमप्रति आयोगको गंभीर ध्यानाकर्षण भएको छ। विशेष गरी संवैधानिक निकायका पदाधिकारीहरुको मर्यादाक्रम साविकको भन्दा निकै तल्लो क्रममा राख्नुले संवैधानिक पदाधिकारीहरुको मात्र अपमान नभई समग्रमा संवैधानिक निकायहरुकै संस्थागत मर्यादामा ह्रास भएको छ। मर्यादाक्रम निर्धारण गर्दा परम्परा, प्रचलित कानून, पदको भूमिका र गरिमालाई आधार मान्नु पर्नेमा कुनै मापदण्ड बिना कसैलाई माथिल्लो क्रममा राख्ने अभिष्टले निर्णय भएको देखिन्छ। यसबाट निजामती सेवा ऐन, २०४९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा व्यवस्था गरिएको बढुवा समितिको बैठकहरुमा आयोगका सदस्यहरुले भाग लिन समेत असहज स्थिति सिर्जना भएको छ। यी बढुवा समितिहरुमा लोक सेवा आयोगको सदस्यले अध्यक्षता गर्ने र मुख्य सचिव सदस्य रहने व्यवस्था रहेको छ। यी कानूनी प्रावधानको प्रतिकूल हुने गरी मर्यादाक्रम निर्धारण हुन गएको छ। मर्यादाक्रम प्रति अन्य निकायका पदाधिकारीहरुको समेत असन्तुष्टि बाहिर आईरहेकाले पनि यो निर्णयको अपरिपक्वता स्वतः सिद्ध भएको छ। यसर्थ यसलाई संशोधन गरी संवैधानिक निकायका सदस्यहरुको मर्यादाक्रम साविकको जस्तै संवैधानिक निकायका प्रमुखहरुको लगत्तै पछि कायम गर्न नेपाल सरकारलाई आयोग विशेष आग्रह गर्दछ।"

लोक सेवा आयोग
सूचना तथा प्रकाशन शाखा